## सपनाको लास

मेरो हजुर
सपना त रातभरिलाई हो !

गञ्जी र कमेजले ढाकेको
स्याल र फ्याउराले मात्र
अपशकुनको आवाज कराउनलाई

सम्साँझै बास बस्ने
गाउँभित्रकै यौटा बुढो ओढार- हाम्रो छात्तीलाई
अफिसको फाइलको बिटाले
अरुप्रति नदेखाई नहुने
लोकाचार र बाध्यताको धर्मसंकटले
हिर्काउँदै निर्ममतापूर्वक ....

मुख पनि नधोईकन
आफ्नो आदिम अनुहार
टेबलका ऐनामा हेरेपछि
एकजना आफूलाई त साँच्चो भन्नुपर्छ :
सपना त रातभरिलाई हो !

सपना त रातभरिलाई हो,
निद्रा नटुटेसम्म,
बिम्झिने बित्तिकै
अज्ञानको अन्धकारबाट
सखारै सूर्यमन्दिरमा
कन्ये केटीहरुले चढाउने फूलसित
आफ्नै हातले पनि चुँडिदिनु पर्छ !
(जस्तो कि आज पनि मैले
हजुरको निम्ति भनेको मेरो मायालाई
पर --------डीलमा गाडिदिएको छु
आमाबाबुको निम्ति बलिदिएको मेरो माया,
भन्दछन्......
त्यहाँ फेरि चमेलीको बोटमा उम्रिएको छ !
मैले पनि कति खेप पहेँलो फूलको सपना पाएको छु ---
आजकल )

आफ्नो  लागि कम र अरुको लागि धेरै
बाँचिदिनु पर्ने यो जिन्दगी !
यो जिन्दगी यौटा अनुष्ठान हो !
हो, महत् अनुष्ठानको सार्थकतालाई
इतिहासमा
जीवनको बलिको दान चाहिन्छ !
ठीक हो,
हामीलाई जीवनभर तर्साउने छन्
ओछ्यानमा रातरातभरि
अतृप्त आत्माहरुले,
अनि बिहानपख
रोईराख्नेछन् रगतका आँशु कर्कलाको पातमाथि :
बलि दिइएका परेवाका बचेराहरू -
कलिला कलिला हाम्रा सपनाहरूले !

तर जिन्दगी अनुष्ठान हो !
जिन्दगीको इमान राखिदिनु पर्छ !
हामीले मुट्ठी खोलेर बाँचिदिनु पर्छ !

सिग्रेटको खरानीसीत
टक्टक्याएर सिरानी र सिरकबाट
कतै छरिएका सपनाका अबशेषहरु
कोही डढिसकेका
कोही भाँच्चिएका
पुतलीका पखेटाहरु !

जो रातभरि लालटेनमा झुत्तिएका थिए,
पर------डाँडाको उताबाट
रगतमा चुर्लुम्म हात डुबाई
डकार्दै, टाउको उठाइरहेको सूर्यलाई,
आधि पर्दा बन्द झ्यालबाट हेरेर
चुपचाप, विवश !

उफ् ! पाइला पाइलामा
लोकाचारको पैतालाले कुल्चिदै प्रत्येक बिहान
जिन्दगीको,
मानिसले सपनाको लासमा जानुपर्छ !

प्रत्येक मानिस एक्लो मलामी हो !
प्रत्येक मानिसले

आफ्नो सपनाको लासमा,
एक्लै एक्लै मलामी जानुपर्छ !

प्यारको अनि बाध्यताको निर्दयताको कालोपन
भमराको निर्जीव देहसित
कमलको छात्तीबाट
सपनाको लास पोखरीमा बसेपछि
बिहानको उज्यालोमा
जिन्दगीले आँखा मिच्दै उठेदेखि नै
यस धरतीमा
मानिसले व्यथा सहनुपर्छ !
पाइला-पाइलामा
लोकाचारको पैतालाले कुल्चिदै
प्रत्येक बिहान जिन्दगीको
मानिसले, सपनाको लासमा जानुपर्छ !

मेरो हजुर !
सपना त रातभरिलाई हो !